# गोर्खाज फाइनान्स लिमिटेड

## चारखाल रोड, डिल्लीबजार

## काठमाण्डौं, नेपाल ।

छब्बीसौं वार्षिक साधारण सभाको

निर्णय (माइन्यूट)

Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.

# गोर्खाज फाइनान्स लिमिटेडको

## छब्बीसौं वार्षिक साधारण सभाको

## निर्णय (माइन्यूट)

१. **बैधानिक सभा:**

गोर्खाज फाईनान्स लिमिटेडको संचालक समितिको मिति २०७८ आश्विन २४ गते बिहीबार बसेको ४२८औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ तथा यस संस्थाको प्रबन्धपत्र तथा नियमावली बमोजिम बोलाईएको छब्बीसौं वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री यादव चन्द्र राईज्यूको सभापतित्वमा निम्न उल्लेखित मिति, स्थान र समयमा बसी देहायका विषयहरु उपर छलफल गरी निर्णय गरियो ।

२. **सभाको मिति, स्थान र समय:**

मिति: २०७८ आश्विन १८ गते सोमबार (तदनुसार अक्टुवर ४ तारिख, २०२१)

स्थान: होटेल क्राउन इम्पेरियल, रविभवन, सोल्टीमोड, काठमाण्डौ ।

समय: विहान ११ बजे प्रारम्भ भै १:३० बजे सम्पन्न भयो ।

३. **सभाको सूचना:**

कम्पनी ऐन, २०६३ को दफा ६७ उपदफा (२) को प्रावधान अनुसार छब्बीसौं वार्षिक साधारण सभा हुने मिति, स्थान, समय र छलफल हुने विषयहरुको प्रस्ताव सहितको विवरण खुलाई सभामा उपस्थितिको लागि शेयरधनीहरुको लगतमा रहेको ठेगानामा सूचना पठाउनुका साथै सोही व्यहोराको सार्वजनिक सूचना मिति २०७८/०५/२७ गते **" राजधानी राष्ट्रिय दैनिक"** मा प्रथम पटक र मिति २०७८/०५/२८ गते **" आर्थिक अभियान राष्ट्रिय दैनिक"** पत्रिकामा दोश्रो पटक प्रकाशित गरिएको थियो ।

Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.

## ४. वार्षिक साधारण सभाको छलफलको विषय सूची:

क) सामान्य प्रस्ताव

१. आर्थिक वर्ष २०७६/७७ को संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७७ आषाढ मसान्तको वासलात तथा २०७६ श्रावण १ देखि २०७७ आषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाव र सोहि अवधिको नगद प्रवाह विवरण लगायत वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।

३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०७७/७८ को लेखापरिक्षणको लागि लेखापरिक्षण समितिको सिफारिस बमोजिम लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखापरीक्षक श्री नील सारु मगर, एनविएसएम एण्ड एशोसियट्स, नारायण चौर, काठमाण्डौ पून: नियुक्तीको लागि योग्य रहेको ।)

४. संस्थापक समुहबाट ३ (तीन) जना र सर्वसाधारण समुहबाट ३ (तीन) जना समेत गरी ६(छ) जना संचालकहरुको निर्वाचन गर्ने सम्बन्धमा ।

ख) विषेश प्रस्ताव

१. संस्थाको प्रबन्धपत्र, नियमावली सम्बन्धमा नियमनकारी निकायबाट आवश्यक हेरफेर गर्न निर्देशन भएमा सोहि बमोजिम गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

ग) विविध ।

### ५. गणपुरक संख्या:

यस साधारण सभामा निम्न बमोजिम शेयरको प्रतिनिधित्व हुने गरी शेयरधनीहरुको उपस्थिति रहेको थियो ।

| कुल शेयर संख्या | जम्मा शेयरधनी संख्या | जम्मा शेयरधनी उपस्थिति संख्या | जम्मा प्रतिनिधित्व शेयर संख्या | प्रतिशत |
|---|---|---|---|---|
| ८६,७९,९३८ | १२,६४७ | १९५ | ५५,७०,१०५ | ६४.१७ |

### ६. सभाको वैधानिकता:

छब्बीसौं वार्षिक साधारण सभाको वैधानिकताको सम्बन्धमा कम्पनी सचिवले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ तथा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीका प्रावधानहरु बमोजिम छब्बीसौं वार्षिक साधारण सभा बोलाएको व्यहोरा सभामा जानकारी गरानुभयो । सभामा उपस्थित भएका सम्पूर्ण शेयरधनीहरु सभामा भाग लिन योग्य थिए । अत: कम्पनी ऐन, २०६३ को दफा ७३(२) अनुसार माथि उल्लेख भए बमोजिम आवश्यक गणपुरक संख्या समेत पुगेको व्यहोरा कम्पनी सचिवबाट सभा समक्ष जानकारी गराउनुभयो । यसरी सभा संचालनको लागि कम्पनी ऐन, संस्थाको प्रबन्धपत्र तथा नियमावली अनुसार आवश्यक गणपुरक संख्या समेत पुगेको व्यहोरा कम्पनी सचिवले अवगत गराउनु भए पश्चात सभापतिबाट सभाको कारवाही शुरु गरियो ।

### ७. उपस्थिती:

<u>संचालक समितिका सदस्यहरुको उपस्थिति:</u>

| | | | |
|---|---|---|---|
| १. | श्री यादव चन्द्र राई | अध्यक्ष | उपस्थित |
| २. | श्री खड्ग बहादुर गुरुङ्ग | संचालक | उपस्थित |
| ३. | श्री राज गोविन्द राजकर्णिकार | संचालक | अनुपस्थित |
| ४. | श्री चोक बहादुर मगर | संचालक | उपस्थित |
| ५. | श्री डेकिन्द्र कुमार राई | संचालक | उपस्थित |
| ६. | श्री प्रद्युम्न कुमार भट्टराई | संचालक | अनुपस्थित |
| ७. | श्री भुवन रेग्मी | संचालक | उपस्थित |

Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.

प्रतिनिधिहरुको उपस्थिति:

१. कम्पनी रजिष्ट्रारको कार्यालय : श्री कल्पना कुमारी बर्तौला

१. शेयर रजिष्ट्रार, NIBL ACE क्यापिटल लि. : सि.ए.श्री सचिन्द्र ढुङ्गाना ।

पदाधिकारीहरुको उपस्थिति:

१. श्री लाल बहादुर थिङ : प्रमुख कार्यकारी अधिकृत

२. श्री मुकुन्द श्रेष्ठ : सहायक महाप्रबन्धक/कम्पनी सचिव

४. श्री सुजन जोशी : सहायक प्रबन्धक

५. श्री शम्भु राई : सहायक प्रबन्धक

शेयरधनी तथा कर्मचारीहरुको उपस्थिति:

१. शेयरधनीहरु स्वयं उपस्थिति १९५

२ कर्मचारीहरुको उपस्थिति ३०

**८. सभाको सभापतित्व र सभा संचालन:**

क) वित्तीय संस्थाको छब्बीसौं वार्षिक साधारण सभाको संचालन संचालक समितिका अध्यक्ष श्री यादव चन्द्र राईको सभापतित्वमा संचालकहरु, शेयरधनिहरु तथा आमन्त्रित प्रतिनिधिहरुको उपस्थितिमा सभा शुरु गरियो ।

ख) सभापति श्री यादव चन्द्र राईको अनुमतिले संचालक श्री खड्ग बहादुर गुरुङ्गले उपस्थित सबै शेयरधनि महानुभावहरुको स्वागत गर्दै आफ्नो मन्तव्य राख्नुभयो ।

ग) सभापति श्री यादव चन्द्र राईले सभा समक्ष आफ्नो संक्षिप्त मन्तव्य प्रस्तुत गर्नुभयो ।

घ) सभापति श्री यादव चन्द्र राईको अनुमतिमा संचालक श्री चोक बहादुर मगरले छब्बीसौं वार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट प्रस्तुत गरिने आ.व. २०७६/७७ को वार्षिक प्रतिवेदन पढेर सुनाउनुभयो ।

Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.

९. **छलफलका लागि आव्हान र सहभागी शेयरधनी महानुभावहरु:**

क) सभापति श्री यादव चन्द्र राईले संचालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुत भए पश्चात लेखापरीक्षकको प्रतिवेदन सहितको २०७७ आषाढ मसान्तको वासलात तथा २०७६ श्रावण १ देखि २०७७ आषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण सहितको प्रतिवेदन उपर छलफल गर्न उपस्थित शेयरधनीहरुलाई अनुरोध गर्नुभयो ।

ख) उपरोक्त प्रतिवेदन उपर छलफलको क्रममा देहायका शेयरधनी महानुभावहरुले आ-आफ्नो मन्तव्य, जिज्ञासा, तथा सुझाव व्यक्त गर्नुभयो ।

| | |
|---|---|
| १. श्री उद्धव प्रसाद घिमिरे | २. श्री सत्रुघन श्रेष्ठ |
| ३. श्री टिकाराम सुनुवार | ४. श्री पुरञ्जन राई |
| ५. श्री रोज कुमार श्रेष्ठ | ६. श्री चन्द्र नारायण श्रेष्ठ |

१०. **छलफलमा सहभागी शेयरधनिहरुबाट वित्तीय संस्थाको प्रगति तथा सफलताको कामनाका साथ व्यक्त गरिएका मन्तव्य तथा सुझावहरुको संक्षिप्त विवरणहरु:**

- यस आर्थिक वर्षमा साधारण सभा ढिलो भएको र आगामी आर्थिक वर्षहरुमा समयमा नै साधारण सभा गर्न सुझाव दिनुभयो ।
- नेपाल राष्ट्र बैंकले दिएको संस्थागत सुशासनको निर्देशनलाई अक्षरश: पालन गर्न सुझाव दिनुभयो ।
- आ.व. २०७७/७८ को वार्षिक साधारण सभा समयमा गर्न सुझाव दिनुभयो ।
- सम्पत्ति तथा दायित्वको व्यवस्थापन राम्रोसंग गर्न सुझाव दिनुभयो ।
- Retained Earning घटाउन सफल भएकोमा व्यवस्थापनलाई धन्यवाद दिनुभयो ।
- संस्थाका सबै कर्मचारीहरुले संस्थाको हित र प्रगतिका लागि ईमान्दारीकतासाथ काम गर्न सुझाव दिनुभयो ।
- ठुला कर्जा लगानी गर्दा धेरै होशियारी अपनाउन सुझाव दिनुभयो ।
- आउदो आर्थिक वर्षमा लगानीकर्ताहरुलाई कम्तिमा पनि दबल डिजिटमा लाभांश दिन प्रयास गर्नु पर्ने सुझाव दिनुभयो ।
- निस्कृय कर्जाको अनुपात घटाउन सफल भएकोमा व्यवस्थापनलाई धन्यवाद दिनुभयो ।
- सबै कर्मचारीहरु निति नियम भित्र रहेर तथा अनुशासनको पालना गर्दै चेन अफ कमाण्डमा कार्य गर्न सुझाव दिनुभयो ।

११. **सभापति श्री यादव चन्द्र राईको अनुमतिमा प्रमुख कार्यकारी अधिकृतले प्रस्तुत गर्नुभएको जवाफहरु:**

- यस आर्थिक वर्ष विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को कारण समयमा नै वार्षिक साधारण सभा गर्न नसकेकोमा सभा समक्ष क्षमा माग्दै आगामी वर्ष समयमा नै साधारण सभा गर्ने जानकारी गराउनुभयो ।
- नेपाल राष्ट्र बैंकले दिएको संस्थागत सुशासनको निर्देशनलाई अक्षरश: पालना गर्ने गरेको तथा भविष्यमा यस सम्बन्धी प्राप्त हुने थप निर्देशनहरुको पनि पूर्ण पालना गर्ने जानकारी गराउनुभयो ।
- संस्थाले आगानी वर्ष कम्तीमा पनि डबल डिजिटमा लाभाशं वितरण गर्ने लक्ष्य लिएको जानकारी गराउनुभयो ।
- सम्पत्ति तथा दायित्व व्यवस्थापनलाई प्रभावकारी रुपमा लागु गर्न निर्देशन दिइसकेको जानकारी गराउनुभयो ।
- जोखिम व्यवस्थापनलाई परिणाममुखि बनाउन योजना बनाई लागु गरेको व्यहोराको जानकारी गरानुभयो ।
- कर्मचारीहरुलाई संस्थागत सुशासन सम्बन्धी समय समयमा तालिमको व्यवस्था गर्दै ग्राहक वर्गहरुलाई गुणस्तरीय सेवा प्रदान गर्ने कुराको जानकारी गराउनुभयो ।

## १२. सभाको निर्णय:

शेयरधनीहरुबाट उठाइएका मुलभुत विषयहरुको बुंदागत रुपमा जवाफ दिए पश्चात सभापति श्री यादव चन्द्र राइले छब्बीसौं वार्षिक साधारण सभाको लागि प्रस्तावित देहाय बमोजिमका प्रस्तावहरु पारित गरियोस् भनि सभा समक्ष प्रस्तुत गर्नु भएकोमा सभाबाट सर्वसम्मतीले पारीत गरियो ।

क) <u>सामान्य प्रस्ताव</u>

१. संचालक समितिको तर्फबाट सभापतिज्यूले प्रस्तुत गर्नुभएको आ.व. २०७६/७७ को संचालक समितिको वार्षिक प्रतिवेदन पारित गर्न सभामा प्रस्ताव पेश हुंदा सर्वसम्मतिबाट उक्त प्रस्ताव पारित गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७७ आषाढ मसान्तको वासलात तथा २०७६ श्रावण १ देखि २०७७ आषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाव र सोहि अवधिको नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरणहरु पारित गर्न सभामा प्रस्ताव पेश हुंदा उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

३. संस्थाको आ.व.२०७७/७८ को हरहिशावको लेखापरीक्षण कार्य गर्नको लागि संस्थाको लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक सि.ए. श्री नील बहादुर सारु मगर, एनविएसएम एण्ड एशोसियट्सलाई गत वर्षकै पारिश्रमिक बराबर मुल्यअभिवृद्धि कर बाहेक रु.३००,०००/- (रु.तीन लाख मात्र) दिने गरी नियुक्ती गरियोस् भनि सभा समक्ष प्रस्ताव पेश भएकोमा सभाबाट उक्तप्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

४. संस्थापक शेयरधनिहरुको समूह “क” का तर्फबाट प्रतिनिधित्व गर्ने ३ जना संचालक र सर्वसाधारण शेयरधनिहरुको समूह “ख” का तर्फबाट प्रतिनिधित्व गर्ने ३ जना संचालकहरुको निर्वाचन परिणाम सम्बन्धमा निर्वाचन अधिकृत श्री भोजेन्द्र बहादुर खत्रीले निम्नानुसार उम्मेद्धार निर्विरोध निर्वाचित भएको घोषणा सभा समक्ष गर्नुभयो ।

उहाँले संस्थाको २६ औं वार्षिक साधारण सभामा विजयी हुनु भएका नवनियुक्त संचालकहरुलाई बधाई दिदै कार्यकाल सफलताको शुभकामना दिनुभयो ।

समुह “क” (संस्थापक तर्फ)

| क्र.स. | संचालकको नाम | ठेगाना | मत |
|---|---|---|---|
| १. | श्री प्रेम बहादुर खापुङ | बोहराटार-१६, काठमाण्डौ । | निर्विरोध निर्वाचित |
| २. | श्री डेकिन्द्र कुमार राई | चागुनारायण-७,खरिपाटी, भक्तपुर। | निर्विरोध निर्वाचित |
| ३. | श्री कर्ण बहादुर राई | ललितपुर-१, सुनाकोठी । | निर्विरोध निर्वाचित |

समुह “ख” (सर्वसाधारण तर्फ)

| | | | |
|---|---|---|---|
| १. | श्री नरेन्द्र कुमार अग्रवाल | मोरङ्ग-७, विराटनगर । | निर्विरोध निर्वाचित |
| २. | श्री रेशु अग्रवाल | ईटहरी- १, सुनसरी । | निर्विरोध निर्वाचित |
| ३. | श्री गौरव बुढाथोकी | बागमती न.पा-१,सर्लाही । | निर्विरोध निर्वाचित |

ख) <u>विषेश प्रस्ताव</u>

१. प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा नियमनकारी निकायबाट निर्देशन भएमा सोही बमोजिम हेरफेर गर्न सञ्चालक समितिलाई अख्तियारी दिने सर्वसम्मत निर्णय गरियो ।

ग) <u>विविध</u>

विविध उपर छलफलका अन्य कुनै एजेण्डा नभएको जानकारी गराउनुभयो ।

१३. **धन्यवाद ज्ञापन:**
आजको सभामा छ्लफल गर्ने विषयहरु समाप्त भई पूर्वनिर्धारित विषय सूची बमोजिम सबै प्रस्तावहरु सर्वसम्मतिबाट पारित भएको घोषणा गर्नुहुँदै सम्पूर्ण शेयरधनि महानूभावहरु, संचालक समितिका सदस्यहरु, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल स्टक एक्सचेञ्ज, सिडियस एण्ड क्लेयरिङ्ग लि.,शेयर रजिष्ट्रार एनआईविएल एस क्यापिटल लि, आन्तरिक तथा बाह्य लेखापरीक्षक, होटेल क्राउन इम्पेरियल व्यवस्थापन समिति, सुरक्षा निकाय, पत्रकार, पर्यवेक्षक प्रतिनिधिहरु लगायत कम्पनीका सम्पूर्ण कर्मचारीहरुलाई सभापतिज्यूले हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

१४. सभा विसर्जन:

सभाका सभापतिबाट सभामा उपस्थित सबै शेयरधनि महानुभावहरुलाई उहांहरुको सहभागिता, निर्देशन तथा अमूल्य सुझावको लागि आभार प्रकट गर्दै २०७८ सालको हिन्दुहरुको महान चाड वडा दशै, तिहार तथा छठ पर्वको पावन अवसरको शुभउपलक्ष्यमा शुभकामना दिदै संस्थाको छब्बीसौं वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.

मुकुन्द श्रेष्ठ
कम्पनी सचिव

यादव चन्द्र राई
( अध्यक्ष)

मिति:२०७७/०६/१८ सोमबार ।